**Constitution Building e-Bulletin**

A quick and easy way to update yourself on the latest CCD news.

CCD Centre for Constitutional Dialogue संवैधानिक संवाद केन्द्र

प्रिय पाठकवृन्द,

वर्ष १ अङ्क ५, २०१० को संविधान निर्माण इ-बुलेटिन तपाईं सामु प्रस्तुत छ। यसभित्र नेपालमा संविधान निर्माणको क्षेत्रमा कार्य गरिरहेका व्यक्तिका साथै नयाँ संविधानतर्फ नेपालको द्रुत प्रगतिबारे आफूलाई अद्यावधिक राख्न चाहने अन्य नागरिकका निम्ति पनि रूचिपूर्ण एवं सान्दर्भिक जानकारी र स्रोत सामग्री संलग्न छन्। संविधानसभा, संयुक्त राष्ट्रसंघ, दातृ समुदाय, सञ्चार माध्यम, नागरिक समाज संगठन, अन्तरराष्ट्रिय गैसस र अन्य निकायसँगको सामञ्जस्यताबाट यो जानकारी निर्माण गरिएको हो। सहज पहुँचका लागि यो जानकारी संवैधानिक संवाद केन्द्रको वेबसाइट (http://www.ccd.org.np/new) मा पनि राखिनेछ। तपाईंले आगामी दिनका अद्यावधिक जानकारी र वेबसाइटका लागि कुनै सहयोगी सामग्री वा जानकारी दिन चाहनुभएमा सो सामग्री यस केन्द्रको सञ्चार टोलीलाई उपलब्ध गराइदिन हुन प्रेरित गर्दछौं। कृपया आफूसँग भएको जानकारीलाई आवश्यक सन्दर्भ सामग्री र वेब लिङ्कसहित info@ccd.org.np मा पठाउनुहोला।

यो इ-बुलेटिन यहाँको निम्ति रोचक र लाभदायी रहनेछ भन्ने आशा गर्दछौं।

यहाँहरूकै,

संवैधानिक संवाद केन्द्र (सीसीडी)

## यस बुलेटिनमा


- **संविधानसभामा के हुँदैछ ?**
- **संवैधानिक संवाद केन्द्रमा के हुँदैछ ?**
- **संविधानसभा सदस्य राघववीर जोशीसँगको अन्तर्वार्ता**
- **नागरिक समाज पहुँच परियोजनाका गतिविधिहरू**
- **बीबीसी वर्ल्ड ट्रस्टका गतिविधिहरू**
- **संविधान निर्माणका लागि स्रोत सामग्री तथा प्रकाशनहरू**

## संविधानसभामा के हुँदैछ ?

१. एक वर्षका लागि संविधानसभाको अवधि थप भएपछि साउन २ गते यसले आफ्नो कार्ययोजनाका लागि नयाँ कार्यतालिका पारित गऱ्यो तर मसौदा संविधानको निर्माण भएपछि संविधान जारी गर्ने दिनको उल्लेख नगरी कन नै । नयाँ कार्यतालिकामा बाँकी रहेका विषयगत समितिहरूको प्रतिवेदन असोज ३१ गतेसम्ममा संवैधानिक समितिमा प्रस्तुत भइसक्ने र त्यसपछि यसले कात्तिक २९ सम्ममा पहिलो मसौदा तयार पार्ने कुरा उल्लेख छ । त्यसपछिका संविधान निर्माणका १७ वटा प्रक्रियागत चरणहरू कार्यव्यवस्था परामर्श समितिले तय गरेको समयसीमा अनुरूप सम्पन्न हुनेछन् । प्रमुख राजनीतिक दलहरूबीच भएको अनौपचारिक सहमतिले यो प्रक्रिया २०६७ चैत मसान्तसम्ममा सकिने लक्ष्य राख्दछ ।

२. नयाँ कार्यतालिका पारित भए पनि हालैका साताहरूमा राज्य पुनःसंरचना आयोगको गठनका साथै संविधान मसौदा प्रक्रिया अघि बढेको छैन । धेरैले यसलाई सरकार निर्माणमा भएको प्रयत्नको कमजोरी भनी उल्लेख गरेका छन्, जसले संविधान निर्माण प्रक्रियालाई ओझेलमा पार्ने कामलाई निरन्तरता दिएको छ । असार ३१ गते तीन प्रमुख दलहरू एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी), नेपाली काँग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) राज्य पुनःसंरचना आयोग गठन गर्ने समहतिमा पुगेका थिए । यो अन्तरपार्टी सहमतिले नयाँ प्रधानमन्त्रीबाट बढीमा ७ जना विज्ञहरूलाई सदस्यमा चयन गर्ने कुराको परिकल्पना गरेको थियो । दलहरू कुनै पनि राजनीतिक नेतालाई नियुक्ति नगर्ने र आयोगलाई साउन १५ बाट दुई महिनाको कार्यावधि दिने कुरामा सहमत भए । नयाँ प्रधानमन्त्रीको निर्वाचनको अनिश्चितता र मधेशी दलहरू र यस्तो आयोगको विरुद्धमा रहेका अन्यको विरोधका कारण राज्य पुनःसंरचना आयोगको गठन र यससँग सम्बद्ध अन्य सम्झौताहरू अनिश्चित बनेका छन् ।

३. चार चरणको निर्वाचनपछि पनि कुनै पनि उम्मेदवारले स्पष्ट बहुमत पाउन नसकेका कारण व्यवस्थापिका-संसद् नयाँ प्रधानमन्त्री चुन्न असमर्थ भएको छ । मतदान सुरु हुनु केहीअघि मात्र एमालेले यसका नेता झलनाथ खनालको उम्मेदवारी फिर्ता लिएपछि एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का पुष्पकमल दाहाल र नेपाली काँग्रेसका रामचन्द्र पौडेल मात्र आधिकारिक उम्मेदवार रहेकाछन् । दुईवटा प्रमुख मतदाता घटकहरू नेकपा (एमाले) र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा चारै पटक तटस्थ रहे । जित्ने उम्मेदवारले संसदका बहुमत सदस्यहरूको मत प्राप्त गर्नुपर्दछ । अर्को निर्वाचन भदौ २ गतेका लागि तय भएको छ ।


४. साउन १९ गते सर्वोच्च अदालतको पूर्ण इजलास (सर्वोच्च अदालतका तीनजना न्यायाधीश रहेको) ले तत्कालीन नेकपा (माओवादी) को समानुपातिक प्रणालीबाट निर्वाचित संविधानसभा सदस्यहरू मातृका यादव र जगतप्रसाद यादवले संविधानसभाको सदस्यता पुनःबहालीका लागि दायर गरेको रिट निवेदन खारेज गऱ्यो । साउन १९ गते एनेकपा (माओवादी) ले रामकुमार पासवान र फर्मुद नसादलाई संविधानसभाको सदस्यको प्रतिस्थापनका लागि निर्वाचन आयोग समक्ष प्रस्तुत गऱ्यो, जसलाई आयोगले तत्कालै संविधानसभाका सदस्यको प्रमाणपत्र प्रदान गऱ्यो । संविधानसभाका अध्यक्षबाट शपथग्रहण गरेपछि उहाँहरू संविधानसभाका नियमितसदस्य बन्नुभयो । यसपछि सदस्य संख्या पूर्ण रूपमा ६०१ पुगेको छ ।

५. संविधानसभाका अध्यक्ष सुवाष नेम्वाङले बहुमतबाट आएका समिति प्रतिवेदनहरूमा रहेका विवादित विषयहरूको समाधान गर्न राजनीतिक दलका नेताहरूसँग छलफल थाल्नुभएको छ । यसको प्रक्रियाअनुसार विवादित मुद्दाहरू छलफलका लागि संविधानसभामा प्रस्तुत गरिनेछन् । संविधानसभाले ती विषयहरूमा मतदानद्वारा निर्णय गरेपछि सम्बन्धित प्रतिवेदन संवैधानिक समितिमा पठाइनेछ । त्यसको तयारी स्वरूप अग्नि खरेलले अध्यक्षता गरेको अध्ययन समितिले बाँकी रहेका आठवटा विषयगत समितिका प्रतिवेदनहरूबारे करिब १७५ वटा प्रश्नहरू तयार पारेको छ । तर ती प्रश्नहरू सार्वजनिक गरिएको छैन ।

६. जनमत सङ्कलन तथा समन्वय समितिले देशका विभिन्न भागहरूमा संवैधानिक सूचना केन्द्रहरू स्थापना गर्न थालेको छ । ती केन्द्रहरू संविधानसभाबाट जनतामा र जनताबाट संविधानसभामा जानकारी प्राप्त गर्ने उद्देश्यले स्थापना भएका हुन लागेका हुन् । सुरुमा कैलाली, बाँके, कास्की, चितवन र मोरङ जिल्लाहरूमा सूचना केन्द्रहरू स्थापना हुनेछन् ।

७. साउन २ गते नेपाल आदिवासी जनजाति महासंघले नयाँ संविधानमा आदिवासी जनजातिका अधिकारहरू सुनिश्चित गर्न माग गर्दै संविधानसभाका अध्यक्ष सुवाष नेम्वाङसमक्ष ज्ञापनपत्र प्रस्तुत गऱ्यो । ज्ञापनपत्रमा धर्मनिरपेक्ष राज्य, लोकतान्त्रिक गणतन्त्र र सङ्घीयतालाई नयाँ संविधानमा अपरिवर्तनीय प्रावधानका रूपमा राखिनुपर्ने कुरा उल्लेख छ । यसले नयाँ संविधानमा आदिवासी जनजातिका अधिकारहरू उल्लेख गराउनका लागि दवाव दिन एकमहिने आन्दोलनका कार्यक्रम पनि सार्वजनिक गरेको छ ।

## संवैधानिक संवाद केन्द्रमा के हुँदैछ ?



**संवैधानिक संवाद केन्द्र र सम्मेलन शृङखला :**
**नेपालमा सङ्घीयता : यसले कसरी काम गर्छ ?**

**नेपाली र अन्तरराष्ट्रिय  विज्ञहरूबाट हुने यी प्रस्तुतिहरू इच्छुक संविधानसभा सदस्यहरू, यसका कर्मचारीहरू तथा सर्वसाधारण नेपालीलाई नयाँ संविधानमा र त्यसपछि सफल सङ्घीय राज्यको रूपमा रूपान्तरण गर्नलाई सम्बोधन गरिनुपर्ने विषयहरूका सम्बन्धमा सूचित गर्ने गरी तयार पारिएका छन् । तपाईंले यी चाखलाग्दा कार्यक्रमका बारेमा पढेपछि प्रत्येकका बारेमा बढी जान्न चाहना गर्न सक्नुहुने छ । यीमध्ये कुनै कार्यक्रमका पूरै प्रस्तुति वा पावरप्वाइन्ट स्लाइडहरू पाउनका लागि info@ccd.org.np मा इमेल गर्नुहोला ।**




**कर्णाली प्रदेश : प्रमुख मुद्दा र अवसरहरू**

यो कार्यक्रममा प्राध्यापक डा. नन्दबहादुर सिंह र पदमबहादुर महतले २०६७ साउन २५ गते  प्रस्तुति गर्नुभएको थियो । प्रा. सिंहले समृद्ध कर्णाली प्रदेशका आधारहरू प्रस्तुत गर्नुभयो । उहाँले

नेपालका विगतका सरकारहरूका नीतिका कारण कर्णाली अञ्चल गरिब बनाइएको र पछाडि पारिएको छ भन्नुभयो । अन्यथा, यो समृद्ध क्षेत्र बन्न सक्थ्यो किनकि यो क्षेत्र जडीबूटि, नदी र मनोरम हिमाल जस्ता प्राकृतिक स्रोतमा धनी छ । प्रा. सिंहले कर्णाली प्रदेश सम्भाव्य छ भन्दै राम्रा योजना र तिनीहरूको राम्रो कार्यान्वयन भएको खण्डमा यसको विकास सम्भव रहेको उल्लेख गर्नुभयो । श्री पदमबहादुर महतले कृषि क्रान्तिमार्फत् कर्णालीको विकासबारे अवधारणा प्रस्तुत गर्नुभयो । कार्यक्रममा १० जना संविधानसभा सदस्यहरूलगायत ७२ जनाको सहभागिता रहेको थियो ।

## संवैधानिक संवाद केन्द्रमा अन्य सम्मेलन शृङ्खला

### सरकारी कामकाजको भाषा व्यवस्था : एकभाषी वा बहुभाषी ?

२०६७ साउन २७ गते प्रा. डा. योगेन्द्रप्रसाद यादव र माननीय सपना मल्ल प्रधानले ७३ जना सहभागीहरूसमक्ष भाषासम्बन्धी उहाँहरूका धारणा प्रस्तुत गर्नुभयो । प्रा. यादवले भाषाको संरक्षण र विकासको कुरालाई सम्बोधन गर्दा संरचनागत योजना र गुणात्मक योजना गरी दुई खालका भाषिक योजना आवश्यक रहेको कुरा उल्लेख गर्नुभयो । उहाँले हाम्रो जस्तो धेरै विविधता भएको देशमा राज्यले प्रत्येक नागरिकलाई एउटा भाषा लाद्नुभन्दा बहुभाषिक नीति लागू गर्नु ज्यादै आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले भाषिक नीतिका विभिन्न पक्षहरूबारे चर्चा गर्दै प्रशासनिक, शैक्षिक, सूचना र सरकारी कामकाजका लागि विभिन्न भाषा प्रयोग गर्न सकिने स्पष्ट गर्नुभयो । उहाँले भारतमा भाषिक नीतिको विशेष सन्दर्भसहित भाषिक पहिचानका विभिन्न अन्तरराष्ट्रिय अनुभवहरू प्रस्तुत गर्नुभयो । उहाँले सरकारका विभिन्न तह (सङ्घीय, प्रान्तीय, र स्थानीय) हरूमा विभिन्न भाषाहरूको प्रयोग गर्न सकिने सुझाव दिनुभयो ।



माननीय मल्ल प्रधानले भाषालाई प्रशासनिक दृष्टिकोणबाट मात्र नहेरी यो पहिचान र अधिकारको विषय पनि भएको उल्लेख गर्नुभयो । उहाँले लोकतन्त्र बहुसङ्ख्यक र अल्पसङ्ख्यक सबैका लागि हो भन्दै अल्पसङ्ख्यकका भाषाहरूलाई राज्यले मान्यता प्रदान गर्नुपर्ने कुरा उल्लेख गर्नुभयो । उहाँले संविधानसभाले प्रारम्भिक मसौदामा देवनागरी लिपिको नेपाली भाषालाई केन्द्रीय सरकारको कामकाजको भाषाको रूपमा प्रस्ताव गरे पनि प्रारम्भिक मसौदाले भाषिक आयोगले सिफारिस गरेअनुरूप अरु भाषा पनि कामकाजको भाषा बन्न सक्ने विकल्पलाई खुला गरेको छ भन्नुभयो ।

### "सङ्घीय प्रणालीमा न्यायमा पहुँचलाई कसरी सुनिश्चित र सुदृढ गर्ने ?" विषयक कार्यक्रम

फ्लोरिडा कोस्टल स्कूल अफ लका प्राध्यापक डेभिड पिमेन्टलले २०६७ साल साउन ३१ गते न्यायमा पहुँचका मूलभूत तत्वहरू, संविधानसभाको न्याय प्रणालीसम्बन्धी समितिको प्रारम्भिक मसौदामा तिनीहरूलाई कसरी समावेश गरिएको छ र अन्य देशहरूका राम्रा अभ्यासहरू के कस्ता रहेका छन् भन्नेबारे प्रस्तुति गर्नुभयो । सर्वोच्च अदालतका रजिस्ट्रार डा. रामकृष्ण तिमल्सेनाले उहाँको प्रस्तुतिमा

टिप्पणी गर्नुभयो र नेपालमा न्यायमा पहुँचका व्यवहारिक पक्षहरूबारे चर्चा गर्नुभयो । कार्यक्रममा ६६ जनाको सहभागिता रहेको थियो, जसमा २१ जना संविधानसभाका सदस्य हुनुहुन्थ्यो ।

प्रा. पिमेन्टलले जनताको दैनिक जीवनमा विधिको शासनको महत्वमा जोड दिँदै तथा विधिको शासन स्थापनामा न्यायमाथिको पहुँच कसरी केन्द्रीय रहेको छ भन्ने कुराको जानकारी दिँदै प्रस्तुति शुरु गर्नुभयो । उहाँको विचारमा न्यायमा पहुँच कुनै खास देश वा देशहरूको मात्र नभई विश्वकै चुनौतीको



विषय रहेको छ । यद्यपि केही पश्चिमा प्रणालीको निर्यातका सम्बन्धमा पश्चिमा सांस्कृतिक साम्राज्यवादविरुद्ध सचेत पार्दै उहाँले आफू एक आपसका अनुभवहरूबाट सिक्ने कुराको समर्थनमा रहेको उल्लेख गर्नुभयो । उहाँका अनुसार न्यायमा पहुँचका केही महत्वपूर्ण पक्षहरू जन चेतना, कानुनी सहायता, कानुन व्यवसायीविना पनि कारवाहीको सहजीकरण, भौगालिक अवरोधहरू कम गर्ने, खर्च र ढिलासुस्ती कम गर्नु, वर्गीय पहल वा सामूहिक रूपमा मुद्दा लड्न दिने जस्ता कुराहरू पर्दछन् । प्रस्तुतकर्ताको प्रतिक्रिया दिँदै डा. तिमल्सेनाले न्यायमा पहुँच अदालत वा कानुनमा पहुँचमा सीमित नरहेको उल्लेख गर्नुभयो । यसमा न्यायिक पक्षहरूका अतिरिक्त विधायिकी तथा कार्यकारिणी पक्षहरू पनि पर्दछन् ।

### नयाँ संविधानको मसौदामा सञ्चार माध्यमको भूमिका

२०६७ साल साउन १९ गते श्री मुकुन्द शर्माले सञ्चार माध्यमहरूले प्रभावकारी संविधान निर्माण प्रक्रियामा जनताको प्रभावकारी सहभागिताका लागि उत्साहित पार्न पहिलेभन्दा राम्रो भूमिका निर्वाह गर्न सक्दछन् भन्नुभयो । उहाँले समयको कमी, राजनीतिक गतिरोध र जनतामाझ बाँडिनु पर्ने मसौदा संविधानका ५३ हजार प्रतिहरूको छपाइका लागि रकमको कमी दोस्रो चरणको जनमत सङ्कलनका लागि विद्यमान चुनौती रहेको बताउनुभयो । श्री कनकमणि दीक्षितले वर्तमान राजनीतिक गतिरोधलाई राजनीतिक दलहरूबाट लिइएको सकारात्मक अडानका रूपमा विश्लेषण गर्नुभयो । उहाँले थप्नुभयो कम्तिमा पनि संविधानका आधारभूत सिद्धान्त र माओवादी लडाकुहरूको व्यवस्थापनमा सबै दलहरूले सहमति नजनाएसम्म संविधान लागू हुँदैन । माननीय मीना पाण्डेले सबैको अपनत्व हुने संविधानको मसौदामा कठिनाइ रहेको विचार व्यक्त गर्नुभयो । कार्यक्रममा ८१ जनाको सहभागिता रहेको थियो जसमा २१ जना संविधानसभाका सदस्यहरू हुनुहुन्थ्यो ।

## संविधानसभाका सदस्य राघववीर जोशीसँगको अन्तर्वार्ता : आवाजविहीनको आवाज

उहाँ तीन वर्षका मात्र हुँदा एक जना नातेदारसँग घरको छतमा बसेर घाम ताप्दै हुनुहुन्थ्यो त्यसैबेला एउटा हवाइजहाज टाउका माथिबाट गयो । त्यसबेला उहाँका नातेदारले टाउको अर्केतर्फ मोड्नुभयो तर राघवले भने मोड्नुभएन किनभने उहाँले त्यो आवाज सुन्नुभएन । त्यसबेला मात्र उहाँकी आमाले थाहा पाउनुभयो कि राघव श्रवणशक्ति नभएका शिशु हुनुहुन्थ्यो । उहाँले राघवलाई डाक्टरकोमा लैजानुभयो र परम्परागत जडीवूटिको उपचार पनि गराउनुभयो तर केही लागेन । उहाँकी आमा आफ्नो बच्चा बहिरो हुनलागेको थाहा पाएर तथा उहाँको भविष्यबारे असाध्यै चिन्तित हुनुभयो । त्यसबेला

उहाँलाई एक दिन उहाँको छोरो एसियामै पहिलो बहिरा संसद सदस्य हुनसक्छ र नेपालका लागि संविधान लेखनको ऐतिहासिक कार्यमा योगदान दिनसक्छ भन्ने कुनै सुइँको थिएन ।

राघव चार वर्षको हुँदा २०२३ (सन् १९६७) मा विद्यालय जान थाल्नुभयो । तत्कालीन रानी रत्न राज्यलक्ष्मीदेवी शाहलाई धन्यवाद ! बालमन्दिर नक्सालमा बहिरा बालबालिकाहरूका लागि एउटा विद्यालय खोलिएको थियो, जसले राघवको शिक्षाको अभिलाषलाई मार्ग प्रशस्त गऱ्यो । त्यसबेला साङ्केतिक भाषा अस्तित्वमा नरहेका कारण राघव र उहाँका साथीहरू सञ्चारका लागि ओठको प्रयोग गर्ने गर्दथे । शुरुमा राघवलाई ओठ पढ्न कठिनाइ भयो र उहाँका शिक्षकहरूले गाली गर्ने गर्दथे अझ सञ्चारका लागि हात र औंलाहरूको प्रयोग गर्न खोजेकोमा सजाय पनि दिन्थे । तर उहाँले यसलाई रोक्नुभएन ! शिक्षकहरूको आँखा छल्दै राघव र उहाँका साथीहरूले हातको प्रयोग गर्दै प्राकृतिक साङ्केतिक भाषाको प्रयोग गर्न थाले ।



जुम्ल्याहा छोरीका पिता राघव भन्नुहुन्छ - अहिले मेरा छोरीहरू मप्रति गर्व गर्छन् । राघव उहाँकी श्रीमतीप्रति पनि आभारी हुनुहुन्छ, जसले उहाँको जीवनका हरेक पाइलाहरूमा उहाँलाई सहयोग गर्नुभएको छ । बहिरा मानिसको अधिकारका लागि २५ वर्षको सङ्घर्षपछि जोशी, जसले ***नेपाल राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासंघ***को दुईपटक अध्यक्षको रूपमा काम गर्नुभयो, पहिलो बहिरा संसद सदस्यको रूपमा निर्वाचित हुनुभयो ।  उहाँ संविधानसभाको उहाँको कार्यकालले नेपाल, एसिया र विश्वकै सुस्त श्रवण भएका हजारौं मानिसहरूमा प्रभाव पार्ने कुरामा विश्वास गर्नुहुन्छ । राघववीरका लागि साङ्केतिक भाषामा अनुवाद गर्ने राधा बोहोरासँग राघवले हामीसँग व्यक्त गर्नुभएको कुराकानीको सार :

**सीसीडी : नेपालमा सुस्त श्रवण भएका मानिसहरूलाई कसरी सङ्गठित गर्नुभयो ?**

**जोशी :** जतिबेला म करिब १२ वर्षको थिएँ, श्रवण शक्तिमा समस्या भएका केही साथी र म काठमाडौंको नयाँ सडकमा हिँड्दै गर्दा प्राकृतिक साङ्केतिक भाषा प्रयोग गरिरहेका थियौं । चार जना इटालियन नागरिकहरूले, जो स्वयं पनि साङ्केतिक भाषाको प्रयोग गरिरहेका थिए, हामीलाई देखे । उनीहरूले हामीलाई रोकेर हामीलाई “सही” साङ्केतिक भाषा सिक्न र संगठित हुन सुझाव दिए । त्यतिबेला देशमा पञ्चायती व्यवस्था भएकाले संस्था खोल्नु र दर्ता पाउनु सजिलो थिएन । तर तत्कालीन राजाको जन्मोत्सवमा हामी संस्थाको गठनका लागि अनुमति पाउन लिखित निवेदनसहित गयौँ । राजाको आदेशबाट २०४६ को जनआन्दोलनको केही अघिमात्र हामी बहिराहरूको बेग्लै संस्था गठन गर्न सफल भयौँ । त्यो संस्था महासंघमा परिणत भयो र अहिले विश्व बहिरा संगठनको सदस्य रहेको छ ।

**सीसीडी : तपाईँ कसरी संविधानसभाको सदस्यमा निर्वाचित हुनुभयो ? हामीलाई बताइदिनुस् न ।**

**जोशी :** हामीले संविधानसभामा बहिरा सदस्यको समावेशिताका लागि एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) र नेपाल कम्युनिस्ट पार्टी (एमाले) मा लबिङ् गरेका थियौँ । छलफलको क्रममा तिनीहरू सहमत भए, तर वाचा पूरा गरेनन् । नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) सँग आवद्ध एकजना कानुन व्यवसायीले हामीसँग सम्पर्क गर्नुभयो । त्यसपछि उक्त पार्टीले मेरो नाम समानुपातिक सूचीमा राख्यो । यद्यपि मसँग कुनै राजनीतिक पृष्ठभूमि थिएन तर पनि म पूर्ण उत्साहका साथ नेकपा (संयुक्त) का लागि निर्वाचन अभियानमा सहभागी भएँ । म उक्त पार्टीका लागि राम्रो संख्यामा मत संकलन गर्न सक्षम भएँ । मैले मतगणना हुँदा रातभर कुरेर बिताएँ । अन्ततः सो पार्टीले पाँचवटा सिट जित्यो । तिनीहरूले महिला, तेस्रो लिङ्गी, बहिरा र पहिलो महिला नाई सदस्यलगायत ज्यादै नै समावेशी रूपमा सदस्यको चयन गरे । म संविधानसभाको सदस्यमा निर्वाचित भएको देखेर विश्वका अन्य देशहरू पनि आश्चर्यमा परे किनभने धेरै वर्षको संघर्षका बाबजुद तिनीहरूले यस्तो अवसर पाएका छैनन् । विश्वमा चार जना मात्र बहिरा संसद् सदस्यहरू रहेका छन् ।

**सीसीडी : नयाँ संविधानका लागि तपाईँहरूका चासोहरू के के हुन् ?**

**जोशी :** हामीले निर्वाचन अभियानको क्रममा मैले जनतालाई संविधानसभामा शारीरिक रूपमा असक्त मानिसहरूको प्रतिनिधित्व हुनुपर्दछ ताकि तिनीहरूका सरोकारका मुद्दाहरू पनि नयाँ संविधानमा सम्बोधन हुन सकून् भनेको थिएँ । अहिले म अल्पसङ्ख्यक तथा सीमान्तीकृत समुदायको अधिकार संसक्षण समितिको सदस्य छु र मैले संविधानसभा र बाहिरका सबै ठाउँमा आवाज उठाइरहेको छु ।

**सीसीडी : संविधानसभामा छलफलको क्रममा श्रवणमा समस्याका कारण तपाईँले कुनै समस्या झेल्नु पऱ्यो कि ?**

**जोशी :** मेरो अशक्तताले गर्दा शुरुमा धेरैले मैले राजनीतिक मुद्दाहरू बुझ्न सक्छु कि सक्दिन भन्नेमा प्रश्न गरे । तर मेरो समितिका प्रमुखले जहिले पनि म सक्षम छु भनेर जवाफ दिनुभयो । त्यसपछि संविधानसभाभित्र मेरो अनुवादकले प्रवेश पाउने वा नपाउने भन्ने विषय मुद्दा बन्यो । शुरुमा उनीहरूले हुँदैन भने । तर एक पटक मैले भने कि संयुक्त राष्ट्रसंघको बहिरा समितिका प्रमुखले बोल्दा चारजना दोभाषे/अनुवादक किन रहन्छन् भनेपछि सभामुखले सकारात्मक जवाफ प्रतिक्रिया दिनुभयो र बहिरा सभासद्का लागि दोभाषे राख्ने नियम बन्यो ।

**सीसीडी : श्रवण शक्तिका कारण संविधानसभामा पूर्ण योगदान गर्न नसकेकोमा निराशा अनुभव भएको कुनै दिन छ कि ?**

**जोशी :** छैन, मैले त्यस्तो निराश अनुभव गरेको छैन किनभने म यो अवरोधलाई चुनौतीको रूपमा लिन्छु । म बहिरा मानिसको आवाज मात्र होइन बरु म सबै किसिमका राजनीतिक मुद्दाहरू उठाउँछु । शुरुमा म निर्वाचित भएको बेला संविधानसभामा अपाङ्गता भएका व्यक्तिहरूसमेतबाट मनोनयन गरी पूर्ति गरिनुपर्ने २६ वटा सिटहरू पूर्ति गर्न अझै बाँकी थिए । त्यसैले एनेकपा (माओवादी) ले अपाङ्गता

भएका एकजनालाई मनोनीत गऱ्यो तर अरु पार्टीहरूले त्यसो गरेनन् । सम्भवतः यो राजनीतिक कारणले होला ।

**सीसीडी : तपाईँलाई के कुराले गर्वको महसुस गराउँछ ?**

**जोशी :** छ महिनापछि मात्र म मेरा विचारहरू व्यक्त गर्न सक्षम भएँ किनभने त्यसबेला मात्र बहिराका लागि दोभाषे राख्ने गरी नियम परिवर्तन भयो । त्यसबेलादेखि म अपाङ्गता भएका व्यक्तिहरू, मुस्लिम, दलित र लाभबाट वञ्चित अरु समुदायहरूका अधिकारहरू विना भेदभाव संविधानमा समावेश गरिनुपर्दछ भनी दवाव दिइरहेको छु । हामीले अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्य सेवा, रोजगारी र खेलकुद एवं मनोरञ्जनका बारेमा विचार गर्नुपर्दछ ।

**सीसीडी : संविाधानका बारेमा धेरै कुरा भए पनि समयमा यो बनेन । यसबेला कस्तो महसुस गर्नुहुन्छ ?**

**जोशी :** तीन प्रमुख दलहरूबीच सेना समायोजनका सम्बन्धमा भएको असहमतिका कारण प्रक्रियामा ढिलाइ भएको छ । अहिले हामीलाई अर्को एक वर्षको समय छ, हामी समयको सही उपयोग गर्न सावधान बन्नुपर्छ । तर फेरि पनि हामी संविधानको मसौदा गर्न असमर्थ भयौँ भने मेरो विचारमा त्यो तीन प्रमुख दलहरूको गल्ती हुनेछ ।

**सीसीडी : समयमै संविधान आउने कुरामा कत्तिको आशावादी हुनुहुन्छ ?**

**जोशी :** दलहरू सहमतिमा आएनन् र सानातिना कुराहरूमा आपसी विवादमा लागे भने निश्चय पनि यसले अस्तव्यस्ततातर्फ उन्मुख गराउँछ र संविधान निर्माणमा योगदान गर्दैन । तर तिनीहरूले शब्दमा भएका प्रतिवद्धतालाई कार्यरूप दिए भने नेपाली जनताले नयाँ संविधान पाउने दिन अब धेरै टाढा छैन । परिस्थितिबारे भविष्यवाणि गर्नु ज्यादै कठिन छ तर जनताले हामीलाई विश्वास गरेर सुम्पेको काम पूरा गर्न हामीले सबै प्रयत्नहरू गर्नुपर्ने कुरा निर्णायक रेखा हो ।

## नागरिक समाज पहुँच कार्यक्रमका गतिविधिहरुः

## कर्णालीको आवाज

जुम्ला, नेपाल, सन् २०१० जुलाई

नयाँ संविधानका लागि सङ्घर्ष गर्न नेपालका दुर्गम क्षेत्रहरूबाट मानिसहरूको एउटा ठूलो समूह काठमाडौँ आउँदा संवैधानिक संवाद केन्द्रमा अनुसन्धान गरिरहेका हान्स निल्सेन हगले केही व्यक्तिसँग नयाँ संविधानबारे अन्तरवार्ता गर्नुभएको थियो । राजधानीबाट करिब ३६० किमि टाढा रहेको उत्तरपश्चिमी क्षेत्रका ती वासिन्दामध्ये केहीका टिप्पणीहरू तल दिइएको छ :

बुम्रा गाविसका विवाहित र छ महिने छोराकी आमा १८ वर्षीया सीता साउत :

"अँ, मैले संविधानको बारेमा विद्यालयमा सुनेकी छु । यस प्रक्रियाबारे चेतना सिर्जना गर्नका लागि उनीहरूले विद्यार्थीहरूबीच स-साना कार्यक्रमहरू आयोजना गर्दैछन् । ती कार्यक्रमले नेपालका प्रत्येक जिल्लामा सबैका लागि निःशुल्क शिक्षा जस्ता मुद्दाहरू उठाउँदैछन् । संविधान सबैका लागि समावेशी हुनुपर्छ र यसले कसैलाई पनि बाहिर पार्नु हुँदैन । राम्रो संविधानले भविष्यमा नेपालको विकासलाई सुनिश्चित गर्नेछ ।"

एसएलसीको परीक्षाफल कुरिरहेका बाजुरा गाविसका १९ वर्षीय रामबहादुर कार्की :

संविधान निर्माण प्रक्रियाबारे आफू त्यति अद्यावधिक नभए पनि जनवरीमा पहिलो सार्वजनिक परामर्शका लागि संविधानसभाका माओवादी सभासद्हरू आफ्नो गाउँमा आउनुभएको सम्झना आफूलाई भएको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "मैले त्यतिबेला उहाँहरूलाई भेट्न पाइनँ तर सरकारले आफ्नो काम इमानदारीसाथ गरोस् र संविधान निर्माण प्रक्रिया समयमै सम्पन्न गरोस् भन्ने कामना म मनैदेखि गर्दछु ।"

बोता गाविसका विवाहित र दुई बच्चाका बाबु २० वर्षीय शिक्षक नवराज रावत :

"मैले संविधानबारे त्यति धेरै नभए पनि थोरै कुरा सुनेको छु । तीमध्ये पनि अधिकांश कुरा म सुर्खेतमा हुँदा सुनेको थिएँ । मेरो विचारमा संविधान सबैका लागि समावेशी हुनुपर्दछ । हामीले मानिसहरूलाई सीमान्तीकृत गर्न छोड्नुपर्दछ र नेपालका सबै नागरिकका लागि समान अवसर उपलब्ध गराउनुपर्दछ ।"

सानी गाउँ गाविस निवासी विवाहित, छ बच्चाकी आमा, स्थानीय होटल व्यवसायी ४० वर्षीया बाशुकला कार्की :

"मलाई संविधान निर्माण प्रक्रियाबारे केही थाहा छैन । मेरो जीवनमा यससम्बन्धमा भएको कुनै कुराकानी सुनेकी पनि छैन ।

"सरकारले हामीलाई केही कुरा उपलब्ध गराउन सक्छ भने ती कुरा सफा पानी, शौचालय, बिजुली र खाना पकाउनका लागि कसौँडी हुनुपर्छ । कैयौँ गैससहरूले गाउँलेहरूका लागि थुप्रै सुविधाको व्यवस्था गरिरहेका छन् तर हाम्रो गाउँमा भने केही भएको छैन । हामीलाई के लाग्छ भने यो राम्रो कुरा होइन र केही पनि नपाइरहेकाहरूको अवस्था झन् खस्किँदै गइरहेको छ ।"

चुनानाथ गाविस निवासी विवाहित, चार बच्चाका बुबा र किसान ५९ वर्षीय हीरालाल खत्री :

"मेरो क्षेत्रमा कोही पनि राजनीतिज्ञ आएको मलाई थाहा छैन । मेरो विचारमा राजनैतिक प्रणाली पञ्चायत व्यवस्था वा राणा शासन जस्तो हुनुपर्दछ । अहिलेका राजनैतिक दलहरू जनतालाई सुख दिनेभन्दा पनि दुःख दिने खालका छन् ।

"मैले कहिल्यै पेटभरि खान पाएको छैन, त्यसैले म मेरो परिवार र म आफैलाई पनि भविष्यमा पर्याप्त खाना होस् भन्ने चाहन्छु । हामीलाई चाहिने सबै कुरा हाम्रो गाउँमा छ जस्तो मलाई लाग्दछ, हामीसँग सडक छ, बत्ती छ र अरु कुरा पनि छन् । अहिले हामीसँग यी सुविधा छन् तर विकास प्रवर्धन गर्नका लागि राजनैतिक स्थिरता छैन, जनता माओवादी विद्रोहीहरूबाट हैरान भइरहेका छन् ।"

पटामारा गाविस निवासी विवाहित, चार बच्चाका बुबा र भरिया ४५ वर्षीय बलराम बूढा :

"सबैका लागि अवसर । यो क्षेत्रका शिक्षित मानिसहरू पनि काम पाउन सकेका छैनन् र उनीहरू कामका लागि विदेश वा ठूला शहरतिर जान बाध्य छन् । सुरक्षा अवस्थामा पनि सुधार आवश्यक छ ।"

किर्डार्क नामक स्थानीय गैससमा कार्यरत लालु गाविस निवासी विवाहित, दुई बच्चाका बुबा ३५ वर्षीय नवीनकुमार शाही :

"मैले सरकारबाट त्यति धेरै आशा गरिरहेको छैन । मेरो अनुभवले के भन्छ भने राम्रा निर्णयकर्ताहरूको आम अभाव छ । उनीहरूले संविधान समयमै बनाउन सक्नुपर्थ्यो र सक्नुपर्छ । यो राष्ट्रिय कार्यसूचीविरुद्ध व्यक्तिवादको नियम हो र यसले हामीलाई कतै पुऱ्याइरहेको छैन । सबै दलहरूबाट आफ्ना बचनहरूको उल्लङ्घन भइरहेको छ र सरकारले के भनिरहेको छ भने हामी नेपाली जनतालाई दश वर्षदेखि हेरविचार गर्दै आएका छौँ । यो सत्य होइन र राष्ट्रिय सहमतिको पूर्ण अभाव छ । मलाई के लाग्छ भने गतिरोधका लागि अन्तरदलीय प्रवृत्ति मुख्य कारण हो । भारत एवं अमेरिका जस्ता विदेशी राष्ट्रबाट पनि हाम्रो देशमाथि निकै धेरै दबाब छ । राष्ट्रको वर्तमान आवश्यकतासम्बन्धी नीति निर्माण जनतालाई चिनेर गर्नुपर्दछ, अरुको प्रभावमा परेर होइन ।"

**ताम्सालिङ्गमा सीसीडीको प्रायोजनमा सङ्घीय संवाद**

हेटौँडा, साउन २८ । प्रस्तावित ताम्सालिङ्ग प्रदेशमा सीसीडीको प्रायोजनमा आयोजना गरिएको सङ्घीय व्यवस्थासम्बन्धी तीन दिने कार्यशालाका सहभागीहरूले सङ्घीय व्यवस्था र संविधानसभा राज्य पुनःसंरचना समितिको प्रतिवेदनसम्बन्धमा सुसूचित बहस हुनुपर्ने आवश्यकतामाथि जोड दिए ।

धादिङ्गका नेपाली काङ्ग्रेसका नेता बद्री अर्यालले यस अघि प्रस्तावित ताम्सालिङ्ग प्रदेशमा सङ्घीय संरचनाबारे एक चरण पनि सार्वजनिक छलफल नभएको उल्लेख गर्नुभयो ।

"सङ्घीय व्यवस्थालाई राम्ररी बुझ्नका लागि सबै राजनैतिक दलका नेतृत्वको मानसिकतामा परिवर्तन आवश्यक छ", उहाँले भन्नुभयो, "काठमाडौँभन्दा पर पुग्नका लागि सङ्घीय संवाद कार्यक्रम प्रशंसनीय पहल हो तर हामी गाउँ गाउँमा पनि पुगेर त्यहाँका वासिन्दाहरूसँग पनि कुराकानी गर्नुपर्दछ ।"

ताम्सालिङ्ग प्रदेशसम्बन्धी तीन दिने सङ्घीय व्यवस्था संवाद कार्यक्रममा दश जिल्लाका नागरिक समाजका अगुवाहरू, अधिकारकर्मीहरू, सरकारी अधिकारीहरू, बुद्धिजीवीहरू तथा राजनैतिक नेताहरू

गरी ६१ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा धादिङ्ग, दोलखा, काभ्रेपलाञ्चोक, ललितपुर, मकवानपुर, नुवाकोट, रामेछाप, रसुवा, सिन्धुली र सिन्धुपाल्चोक जिल्लाको प्रतिनिधित्व रहेको थियो ।

त्रिभुवन विश्वविद्यालयको राजनीतिशास्त्र केन्द्रीय शिक्षण विभागका प्राध्यापकद्वय कृष्ण खनाल र कृष्ण हाच्छेथुले संविधानसभा राज्य पुनःसंरचना समितिको प्रतिवेदन, प्रान्तीय तहमा सङ्घीय संरचनाहरू, राष्ट्र निर्माण, अग्राधिकार, अल्पसङ्ख्यकका अधिकार तथा वित्तीय सङ्घीय व्यवस्थाबारे सिंहावलोकनसहित सङ्घीय व्यवस्थासम्बन्धी आफ्ना विशेषज्ञ ज्ञान र अनुभवहरू प्रस्तुत गर्नुभयो ।

सहभागीहरूले केन्द्र र प्रान्तबीच शक्ति वितरणबारे विस्तृत छलफल गरे । सहभागीहरूबीच प्रान्तीय संरचनामा अल्पसङ्ख्यकहरूका अधिकार, स्थानीय सरकार र स्थानीय सेवासम्बन्धी प्रावधानका साथै प्रान्त निर्माणका आधार एवं अन्तरप्रान्तीय सम्बन्धका प्रस्तावबारे पनि छलफल भयो ।

नेकपा (एमाले) चितवन जिल्ला प्रतिनिधि दावा लामाले राज्य पुनःसंरचना समितिद्वारा प्रस्तावित सङ्घीय संरचनाबारे दलहरूभित्र नभएकोमा असन्तुष्टि व्यक्त गर्नुभयो । उहाँले प्रस्तावित सङ्घीय संरचनाबाट अन्ततः ताम्सालिङ्ग प्रदेश टुक्रिने बताउनुभयो ।

“देशमा रहेका १०१ जातिको विविधतालाई १४ वटा प्रदेशले कसरी सम्बोधन गर्नेछ ?” उहाँले प्रश्न गर्नुभयो ।

श्री लामाको प्रश्नको उत्तर दिँदै प्रा. खनालले प्रतिवेदनमा जातीय सङ्घीय पद्धतिको पैरवी नगरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “नयाँ सङ्घीय संरचना जातीय सङ्घीय पद्धतिमा नभई पहिचान र आर्थिक सम्भाव्यताको सन्तुलित सम्मिश्रणमा आधारित रहेको छ ।”

संविधानसभाको राज्यको पुनःसंरचना तथा राज्य शक्तिको बाँडफाँड समितिद्वारा प्रस्तुत सङ्घीय संरचनाका स्वरूपहरूसम्बन्धी प्रतिवेदनको समीक्षा गर्दै प्रा. हाच्छेथुले उक्त प्रतिवेदनमा रहेका केही कमजोरी औंल्याउनुभयो । उहाँले भन्नुभयो, “प्रतिवेदनले केन्द्रीकृत सङ्घीय पद्धति प्रस्ताव गरेको छ भने प्रान्तहरू बहुसांस्कृतिक बन्दैछन्; प्रत्येक प्रदेशभित्रका अल्पसङ्ख्यकहरूको संरक्षणबारे भने प्रतिवेदन मौन छ ।”

काभ्रे जिल्लाका पत्रकार सम्झना तोलेङ्गले भन्नुभयो, “प्रस्तावित सङ्घीय राज्यका आधार के हुने हो भन्नेबारे पहिला पर्याप्त छलफल गरिएको थिएन । यस सङ्घीय पद्धति संवाद हाम्रो लागि निक्कै उपयोगी भएको छ ।”

समितिका प्रस्तावित प्रतिवेदनहरू विविधतालाई समष्टि स्तरमा प्रतिविम्बित गर्न सफल रहे पनि व्यष्टि स्तरमा भने त्यसो गर्न असफल रहेकोले यसमा संशोधन गर्न आवश्यक रहेको सङ्केत गर्दै प्रा. हाच्छेथुले भन्नुभयो, “समितिले बढी केन्द्रीकृत सङ्घीय पद्धतिको पैरबी गरेको छ तर यी सङ्घीय पद्धति संवादहरूका सहभागीहरूले भने बढी विकेन्द्रित सङ्घीय पद्धतिलाई रूचाएका छन् ।”

ताम्सालिङ्ग दलका टेकबहादुर तामाङ्गले भन्नुभयो, "राज्य पुनःसंरचना समितिको प्रतिवेदन जनताका आवाज सुनेरभन्दा पनि एउटा कोठाभित्र सीमित भएर केही राजनैतिक दलका नेताहरूले तयार गरिएको हो ।"

राष्ट्रिय आदिवासी महिला महासङ्घका श्यामा माया मगरले भन्नुभयो, "परिणामबारे न्यूनतम ज्ञान पनि नभएका संविधानसभाका सदस्यहरू र प्रमुख राजनैतिक दलका नेताहरूलाई पनि यी छलफलमा सहभागी गरिनुपर्दछ ।" उहाँले अगाडि भन्नुभयो, "यस कार्यशालाले मलाई सङ्घीय पद्धतिबारे स्पष्ट जानकारी उपलब्ध गराउनुका साथै सङ्घीय पद्धतिसम्बन्धमा ममा रहेका भ्रमहरू मेटाइदियो ।"

ह्योल्मो मुक्ति मोर्चा, सिन्धुपाल्चोकका अध्यक्ष निमा ह्योल्मोले नेपालमा ह्योल्मोको जनसङ्ख्या ५५९ जना मात्र रहेकोले राज्य पुनःसंरचना गर्दा यो जनसङ्ख्यालाई पनि विचार गरिनुपर्ने बताउँदै अन्यथाः ह्योल्मो जनसङ्ख्याप्रति अन्याय हुने बताउनुभयो ।

सीसीडीका प्रतिनिधि मोम विश्वकर्माले सहभागीहरूद्वारा प्रस्तुत गरिएका सुझावहरूबारे काठमाडौँमा संविधानसभाका सदस्यहरूसँग छलफल गरिने जानकारी दिनुभयो ।

सीसीडीले हालसम्ममा प्रस्तावित सङ्घीय प्रदेशहरू लिम्बुवान, किरात, सुनकोशी, मिथिला-भोजपुरा-कोच-मधेश, तमुवान, नारायणी, मगरात, लुम्बिनी-अवध-थारुवान, कर्णाली र खप्तडमा दश वटा सङ्घीय पद्धति संवाद आयोजना गरिसकेको छ ।

## बीबीसी वर्ल्ड सर्भिस ट्रस्टका गतिविधिहरू

नेपालको संविधान निर्माणका सन्दर्भमा सर्वाधिक महत्वपूर्ण विषयहरूबारे विचार गर्दै 'साझा सवाल'ले जुलाई (असार/साउन) महिनामा निम्नलिखित कार्यक्रमहरू छायाङ्कन वा प्रशारण गरेको थियो ।

साझा सवालसम्बन्धी अद्यावधिक जानकारी

यस अवधिमा साझा सवालका तीन वटा कार्यक्रमहरू छायाङ्कन गरिएका थिए । तीमध्ये एउटा कार्यक्रम काठमाडौँमा छायाङ्कन गरिएको थियो भने दुई वटा कार्यक्रमको छायाङ्कन संयुक्त राज्य अमेरिकामा गरिएको थियो । जुलाई महिनाको पहिलो कार्यक्रम 'सहमतिको सरकार सम्भव छ ?' को छायाङ्कन काठमाडौँमा असार २० गते गरिएको थियो ।

साझा सवालका दुई जना सदस्यले प्रवासमा रहेका नेपालीहरूको सहयोगमा संयुक्त राज्य अमेरिकामा दुई वटा कार्यक्रम छायाङ्कन गरेका थिए । ती नेपालीहरू अमेरिकामा बसोबास गरिरहेका नेपालीहरूको सङ्घ आनाको सम्मेलनका लागि भेला भएका थिए ।

नेपालको वर्तमान राजनैतिक अवस्थाका साथै प्रतिभा पलायनसम्बन्धी विषयहरूमा उक्त कार्यक्रममा विचारहरू सङ्कलन गरिएको थियो । छायाङ्कन न्यूयोर्क, बाल्टिमोर, वाशिङ्गटन र बोस्टोनका विभिन्न स्थानका साथै विभिन्न सडकमा पनि गरिएको थियो ।

**सहमतिको सरकार सम्भव छ ?**

- प्रधानमन्त्री माधवकुमार नेपालले असार १६ गते राजीनामा गर्नुभएपछि राष्ट्रपति रामवरण यादवले सहमतिको सरकार गठन गर्नका लागि एक साताको मितिरेखा तोक्नुभएको थियो । यो कार्यक्रम करिब ६० जना सहभागीको सहभागितामा सुनधारास्थित बेकरी क्याफेमा असार २० गते छायाङ्कन गरी प्रशारण गरिएको थियो ।

- कार्यक्रममा दुई वटा प्रमुख दलका दुई जना स्रोत व्यक्ति हुनुहुन्थ्यो - एकीकृत नेकपा ( माओवादी)का उपाध्यक्ष बाबुराम भट्टराई र नेपाल काङ्ग्रेस केन्द्रीय समिति सदस्य नरहरि आचार्य । भट्टराई प्रधानमन्त्रीका एक उम्मेदवारका रूपमा चर्चामा आइरहनुभएको थियो भने आचार्यको दल पनि प्रधानमन्त्री पदका लागि उम्मेदवार उठाउने तयारीमा थियो ।

- दुवै स्रोत व्यक्तिले सहमतिको सरकार समयको आवश्यकता हो भन्ने कुरामा सहमति जनाउनुभयो । नरहरि आचार्यले बहुमतको सरकार तीन महिनाभन्दा बढी नटिक्ने बताउनुभएको थियो । यसैगरी बाबुराम भट्टराईले माओवादीको नेतृत्वमा बन्ने अर्को सरकार संविधानको मसौदा तयार गर्न र शान्ति प्रक्रियालाई नेतृत्व प्रदान गर्न सक्षम हुने बताउनुभएको थियो ।

**प्रतिभा पलायन**

- संयुक्त राज्य अमेरिकामा तयार गरिएको पहिलो कार्यक्रम ‘नेपालको शान्ति प्रक्रिया र संविधान लेखनका सन्दर्भमा प्रवासी नेपालीहरूको विचार’सम्बन्धमा थियो । उक्त कार्यक्रम बाल्टिमोरस्थित होटल र्‍याडिसन क्रश किमा असार १३ गते छायाङ्कन गरिएको थियो भने त्यसमा व्यवसायी, कर्मचारी, शिक्षक तथा विद्यार्थीलगायत विभिन्न क्षेत्रका ८० जनाको सहभागिता रहेको थियो ।

- संयुक्त राज्य अमेरिकामा दोस्रो कार्यक्रम नेपालबाट हुने गरेको प्रतिभा पलायनसन्दर्भमा आयोजना गरिएको थियो । बोस्टनको डाउनटाउनस्थित होटल बोस्टन पार्क प्लाजामा असार २१ गते छायाङ्कन गरिएको उक्त कार्यक्रममा दर्शकका रूपमा एक सयभन्दा बढी मानिसहरूको उपस्थिति रहेको थियो ।

- टोलीले गैरआवासीय नेपालीहरूका विचार सडक, उनीहरूका कार्यस्थल र निवासबाट सङ्कलन गरेको थियो । विभिन्न स्थानमा विभिन्न विचारको छायाङ्कन गरिसकेपछि हार्वर्ड विश्वविद्यालयका विद्वान प्रा.डा. शिव गौतम, क्यानाडा फाउण्डेशन अफ नेपालको निर्देशकका रूपमा क्यानाडामा

बसिरहनुभएका र नेपाल खुला विश्वविद्यालयका प्रवर्धक डा. प्रमोद ढकाल तथा नेपाल खबर पाक्षिकका सम्पादक र म्यासाचुसेट्स प्रविधि संस्थान (एमआईटी)मा विद्यावारिधि गरिरहनुभएका उत्तमबाबु श्रेष्ठसँग विज्ञ छलफल गरिएको थियो ।

- विदेशमा अध्ययन गरेका नेपालीहरू स्वदेश फर्कन नचाहनुको प्रमुख कारण नेपालको राजनैतिक अस्थिरता रहेको समान विचार विज्ञ छलफलमा सहभागी विज्ञहरू तथा दर्शकहरूले व्यक्त गरेका थिए । उनीहरूले नेपालमा अनुसन्धान सुविधाहरूको अभाव रहेकोबारे गुनासो गरे पनि विकास प्रक्रिया, विशेष गरी शिक्षा क्षेत्रमा सहभागी हुने तत्परता व्यक्त गरेका थिए ।

- नेकपा (माले)का महासचिव चन्द्रप्रकाश मैनाली पनि दर्शकदीर्घामा उपस्थित हुनुहुन्थ्यो । उहाँ पूर्व आपूर्ति तथा वाणिज्यमन्त्री पनि हुनुहुन्छ । विज्ञमण्डलले उहाँसँग नेपालको राजनैतिक तथा विकास परिदृश्यबारे प्रश्नोत्तर गरेको थियो ।

**नेपालको शान्ति प्रक्रिया तथा संविधान लेखनबारे प्रवासी नेपालीका विचार**

- संयुक्त राज्य अमेरिकामा शान्ति प्रक्रिया र संविधान लेखनसम्बन्धी विषयमा पनि छायाङ्कन गरिएको थियो ।

- टोलीले संयुक्त राज्य अमेरिकाका विभिन्न भागबाट मानिसहरूका विचार सङ्कलन गर्नुका साथै तीन जना विज्ञ संयुक्त राज्य अमेरिकाका लागि नेपालका राजदूत डा. शङ्कर शर्मा, गैरआवासीय नेपाली सङ्घ, अमेरिकी शाखाका पूर्व अध्यक्ष प्रा. तारा निरौला तथा युवा कार्यकर्ता एवं शिक्षक हिरबहादुर भण्डारीको सहभागितासहित एउटा छलफल कार्यक्रम पनि छायाङ्कन गरेको थियो ।


- कार्यक्रममा व्यवसायी, जागिरे तथा शिक्षकलगायत जीवनका विभिन्न क्षेत्रमा संलग्न करिब ८० जना दर्शकको सहभागिता रहेको थियो ।

- प्रवासी नेपालीले द्वैध नागरिकता उपलब्ध हुनुपर्ने इच्छा व्यक्त गरे । राजदूत शर्माले यसबारे आफूले नेपालको संविधानसभालाई जानकारी गराइसकेको बताउनुभयो ।


- दर्शकहरूले नेपालको राजनैतिक अस्थिरताप्रति दुःख व्यक्त गरे । प्रवासी नेपालीहरूका माध्यमबाट नेपाल कसरी लाभान्वित हुनसक्छ भन्नेबारे उनीहरूले आ-आफ्ना विचार प्रस्तुत गरेका थिए ।

अमेरिकामा छायाङ्कन गरिएका ती दुई कार्यक्रम प्रशारण भइसकेका छैनन् ।


## संविधान निर्माणसम्बन्धी स्रोतसामग्री तथा नयाँ प्रकाशनहरू




Fiscal Policies in Federal States (**सङ्घीय राज्यहरूमा वित्तीय नीतिहरू**) : राम्ररी लेखिएको यो पुस्तक सङ्घीय पद्धतिसम्बन्धी तुलनात्मक अनुसन्धानका लागि महत्वपूर्ण योगदान बनेको छ । डाइटमार ब्राउन र उहाँका सहयोगीहरूद्वारा वित्तीय नीति निर्माणसम्बन्धी सङ्घीय संरचनाहरूको प्रभावबारे गरिएको तर्कसङ्गत व्यावहारिकतामा आधारित अध्ययनमा सङ्घीय पद्धतिले कसरी काम गर्छ भन्नेबारे नयाँ अन्तर्दृष्टिहरू प्रस्तुत गरिएको छ । सङ्घीय सरकारका चार विभिन्न किसिममा केन्द्रित हुँदै यस अध्ययनले संस्थाहरूको प्रभावसम्बन्धी वर्णन गर्नुका साथै केन्द्रीय र क्षेत्रीय सरकारहरूबीचको अन्तरक्रियामा संलग्न हुने विभिन्न रणनीति एवं समन्वयका तरिकाहरूबारे पनि प्रकाश पारिएको छ । अङ्ग्रेजी भाषामा लेखिएको यो पुस्तक सीसीडी पुस्तकालयमा उपलब्ध छ ।




***New Nepal: The Fault Lines*** (**नयाँ नेपाल : छिद्र रेखाहरू**) : निश्चलनाथ पाण्डेद्वारा लिखित यो पुस्तक यसै वर्ष सेज प्रकाशनद्वारा प्रकाशन गरिएको हो । बहुदलीय व्यवस्थासँगको नेपालको तेस्रो प्रयोग सफल होला वा नहोला भन्ने कुराका प्रमुख निर्धारकका रूपमा सङ्घीय पद्धति, सुरक्षा क्षेत्र सञ्चालन, भाषा, धर्म, जातीयतासम्बन्धी मुद्दा र राजनैतिक प्रणाली जस्ता विभिन्न छिद्र रेखाहरूको विश्लेषण यस पुस्तकमा गरिएको छ । सन् २००६ पछिको समयमा भारत र चीनसँगको सम्बन्धबारे यस पुस्तकमा गरिएको चर्चा समसामयिक मात्र नभई निकै गहन र गम्भीर अध्ययनका रूपमा रहेको छ । तराई आन्दोलन, धर्मनिरपेक्षतासम्बन्धी मुद्दाहरू, नयाँ संविधान लेखनका सन्दर्भमा सिर्जना भएको गतिरोधबारे पनि यस पुस्तकमा विस्तृत रूपमा वर्णन गरिएको छ । अङ्ग्रेजी भाषामा लेखिएको यो पुस्तक सीसीडी पुस्तकालयमा उपलब्ध छ ।




**लिम्बुवानको राजनीति : इतिहास, वर्तमान र भविष्य** : भवानी बराल र कमल तिगेला लिम्बुद्वारा लिखित 'लिम्बुवानको राजनीति : इतिहास, वर्तमान र भविष्य'को प्रकाशन सन् २००८ मा बूक क्लब प्रकाशनद्वारा गरिएको हो । यस पुस्तकमा नेपालको लिम्बुवान क्षेत्रको राजनैतिक इतिहासबारे वर्णन गरिएको छ । नेपाली भाषामा लेखिएको यो पुस्तक सीसीडी पुस्तकालयमा उपलब्ध छ ।

~***~